नेपाल सरकार
# लगानी बोर्डको कार्यालय

☎ ९७७-१-४४७५२७६, ४४७५२७७, ४४७५२७८
फ्याक्स: ९७७-१-४४७५२८१

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र परिसर,
नयाँ बानेश्वर, काठमाडौं ।

पत्र संख्या:
च. नं.:

मिति: २०८३/०६/२३

## प्रेस विज्ञप्ति

आज मिति २०८३ असोज २३ गतेका दिन सम्माननीय प्रधानमन्त्री एवम् लगानी बोर्डका अध्यक्ष श्री वालेन्द्र शाहको अध्यक्षतामा बोर्डको ६८औं बैठक सम्पन्न भयो।

बैठकले नार खोला अर्धजलाशययुक्त जलविद्युत परियोजना (५८.९ मेगावाट) को रु. १० अर्ब ७५ करोड ४ लाख ९७ हजार तथा सानी भेरी-३ अर्धजलाशययुक्त जलविद्युत परियोजना (४६.७२ मेगावाट) को रु. १० अर्ब ४२ करोड ३३ लाख ६२ हजार बराबरको लगानी स्वीकृत गर्ने, अरुण-३ जलविद्युत परियोजना (९०० मेगावाट) ले फेब्रुअरी, २०२८ सम्ममा व्यावसायिक उत्पादन गर्ने तथा माथिल्लो कर्णाली जलविद्युत परियोजना (९०० मेगावाट) सम्बन्धमा परियोजना विकास सम्झौताको प्रावधान बमोजिम तत्काल निर्माण कार्य अघी बढाउने गरी आवश्यक सहजीकरण गर्ने निर्णय गरेको छ।

साथै स्वीकृत परियोजनाको कार्यान्वयन तथा लगानीकर्तालाई प्रदान गरिने सेवामा सहजीकरण र प्रभावकारी कार्यसम्पादनका लागि लगानी बोर्डको कार्यालयका प्रमुख कार्यकारी अधिकृतलाई आवश्यक अधिकार प्रत्यायोजन गर्ने, यसैगरी आह्वान नगरिएका प्रस्तावहरू आवश्यकतानुसार स्वीस च्यालेन्ज विधिबाट प्रतिस्पर्धा गराई अगाडि बढाउने गरी आवश्यक कानूनी प्रवन्ध गर्न कार्यालयलाई निर्देशन दिने, कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence) लगायत नवीनतम सूचना प्रविधिमा आधारित पूर्वाधार परियोजनाका लगानी प्रस्ताव प्राप्त भएमा नेपालको नवीकरणीय ऊर्जाको उपयोग तथा रोजगारी सृजना एवम् आर्थिक विकासमा पुऱ्याउने योगदान समेतलाई मध्येनजर गरी उक्त प्रकृतिका परियोजना विकासलाई प्राथमिकता दिने निर्णय गरेको छ।

माननीय अर्थमन्त्री एवम् बोर्डका उपाध्यक्ष डा. स्वर्णिम वाग्ले, माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री श्री बिराज भक्त श्रेष्ठ, माननीय कृषि, वन तथा पर्यावरणमन्त्री श्री गिता चौधरी, माननीय उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री श्री दीपक कुमार साह, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. गुणाकर भट्ट, नेपाल सरकारका मुख्यसचिव श्री गोविन्द बहादुर कार्की, नेपाल राष्ट्र बैङ्कका गभर्नर डा. विश्वनाथ पौडेल, लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत श्री याङकी उक्याव लगायतका बोर्डका सदस्यहरु एवम् उच्च पदस्थ अधिकारीहरूको बैठकमा उपस्थिति रहेको थियो।

(भूपेन्द्र थापा)
सहसचिव एवम् प्रवक्ता